अध्यक्ष :-९८५२६८११७२
उपाध्यक्ष :- ९८६२७७२८७९
प्र. प्र. अ :-९८५२६८४४७७

# हिलिहाङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पञ्चमी, पाँचथर
प्रदेश नं. १, नेपाल

आ.व. २०७९/०८०
च.नं.

मिति : २०७९/०४/२३

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/०४/२३

यस हिलिहाङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पञ्चमी,पाँचथरमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवाकेन्द्रमा रिक्त रहेको रोजगार सहायक र प्राविधिक सहायक पदको लागि खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा कर्मचारी नियुक्ति गर्नुपर्ने भएकोले निम्न बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ पन्ध दिन भित्र आवश्यक कागजात, राजश्व तिरेको भौचर सहित दरखास्त दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या | निवेदन दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| ०१ | १/२०७९/०८० | रोजगार सहायक | पाँचौं | १ | ५००।- | |
| ०२ | २/२०७९/०८० | प्राविधिक सहायक | पाँचौं | १ | ५००।- | |

१) आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव :-

क) रोजगार सहायक पदको लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थानबाट कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको तथा प्राविधिक सहायक पदको लागि सिभिल इन्जिनियरीङमा प्रवीणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको ।

ख) सीप र अनुभव : प्राविधिक सहायक र रोजगार सहायक पदको लागि देहायका अनुभव र सीप आवश्यकता पर्नेछ ।

- दुवै पदको लागि कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
- प्राविधिक सहायकको हकमा पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान,सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव,पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

ग) उमेरको हद : १८ वर्ष पुरा भइ ४५ वर्ष ननाघेको हुनु पर्ने ।

२) दरखास्तको माध्यम : दरखास्त फारम यस कार्यालयको वेभसाइट www.hilihangmun.gov.np बाट डाउनलोड गरी पेसगर्नु पर्ने कागजात हिलिहाङ गाउँपालिकाको इमेल आइ.डि. hilihangruralmun@gmail.com मार्फत पठाउन सकिने छ साथै कार्यालय समयमा स्वंयम उपस्थित भई दरखास्त दिन सकिने छ ।

३) दरखास्त दिने अन्तिम मिति : २०७९/०५/ ०६ गते कार्यालय समय भित्र ।

४) परीक्षा मिति र परीक्षा केन्द्र : सर्ट लिस्ट पछि प्रकाशन गरिनेछ ।

५) राजश्व बुझाउने माध्यम : यस कार्यालयको सिभिल बैक लि. हिलिहाङ शाखामा रहेको गा.पा. ग.१.१.आन्तरिक राजश्व खाता नं. 06410178116048 मा बुझाइ सोको भौचर अनिवार्य संलग्न गर्नु पर्नेछ वा कार्यालयमा उपस्थित भइ राजश्व जम्मा गरी रसिद पेश गर्न पर्नेछ ।

६) आवेदनमा संलग्न गर्नु पर्ने कागजात :

क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ख) हालसालैको पासपोर्ट साइजको फोटो – २ प्रति

ख) शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि घ ) कार्य अनुभव र तालिम भए सोको प्रमाणपत्र प्रतिलिपि

६. छनौट परीक्षा : ५० पूर्णाङ्क सेवा सम्वन्धी विषयमा र ५० पूर्णाङ्क कम्प्युटर सम्वन्धि विषयमा छुट्टाछुट्टै हुनेछ ।

७. पाठ्यक्रम : गाउँपालिकाको वेभसाइटबाट डाउनलोड गर्न सकिनेछ

८. सेवा र शर्त तलव : प्रचलित कानून बमोजिम हुनेछ ।